# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/२१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

वीरेन्द्र ऐश्वर्य उ.मा.वि. लिम्सा, जाजरकोटका नि.मा.वि. तहका विज्ञान विषयका शिक्षक रामाशिष साह(तेली)को आई.एस.सी. को प्रमाण-पत्र नक्कली भएको भन्ने समेतको व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज हाल वीरेन्द्र प्रा.वि. भारगाउँ, लँह जाजरकोटमा कार्यरत रहेको पाइयो र निजले वीरेन्द्र ऐश्वर्य उ.मा.वि. लिम्सा, जाजरकोटमा नियुक्ति लिने प्रयोजनका लागि Bihar Intermediate Education Council, पटना भारतबाट I.Sc. तह उत्तीर्ण गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी नियुक्ति लिइ लाभ समेत लिएको पुष्टी भएको देखिन आएकोले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसूर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम कसुरको मात्रा अनुसार जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता